# चन्द्रागिरि नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं. : ०६५/०८०
च.नं. : ...............

फोन नं. ०१-४३१५७६६
मिति : २०८०/०१/२९

## सूचना ॥ सूचना ॥ सूचना ॥

**समूह ,संघ, संस्थाहरुले निवेदन पेश गर्ने सम्बन्धी ७ दिने सार्वजनिक सूचना (प्रथम पटक प्रकाशित मिति २०८०/०१/२९)**

उपरोक्त सम्बन्धमा यस चन्द्रागिरि नगरपालिकाको सहकार्य र व्यवस्थापनमा तपसिलका स्थानहरुमा नगरपालिकाको स्थानीय उत्पादन बिकी केन्द्र तथा शहरी हाटवजार स्थापना ,सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९ को अधिनमा रहि स्थानीय उत्पादन बिकी केन्द्र सञ्चालन गर्न ईच्छुक महिला समूह, संघ संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र आवश्यक कागजपत्र सहित निवेदन पेश गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

तपशिल

**बिकी केन्द्र सञ्चालन हुने स्थानहरु :**

क) चन्द्रागिरि न.पा.वडा न.२ नागढुङ्गा

ख) चन्द्रागिरि न.पा.वडा न.३ थानकोट

ग) चन्द्रागिरि न.पा.वडा १४ नयाँ नैकाप

**आवश्यक कागजातहरु :**

क) समूह,संघ,संस्थाहरु दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि ।

ख) समूह,संघ संस्थाको निर्णय ।

ग) प्यान /भ्याट दर्ता प्रमाण पत्र प्रतिलिपि (व्यवसायका कारोबारहरुमा व्यापार व्यवसाय गर्न अनुमति प्राप्त भएको हुनु पर्ने छ )

घ) आ.व. २०७८/७९को कर चुक्ता प्रमाणपत्र प्रतिलिपि ।

ङ) सञ्चालकहरुको नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि (चन्द्रागिरि न.पा. मा स्थाई बसोवास गर्ने बासिन्दा हुनुपर्ने )

Website : chandragirimun.gov.np
Email : chandragirimun@gmail.com

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं. : ०६५/०२०
च.नं. : ...............

फोन नं. ०१-४३१५७६६
मिति : २०२०/०९/२५

**शर्तहरु :**

१ .सम्झौता मान्य अवधि सम्झौता भएको मितिबाट १ वर्ष कायम रहनेछ र काम सन्तोषजनक भएमा म्याद थप गर्न सकिनेछ ।

२. सम्बन्धित वडाका महिला समूह,संघसंस्था लाई प्राथमिकता दिईने छ ।

३. यस सम्बन्धि सूचना यस कार्यालयको वेबसाईट https: //chandragirimun.gov.np बाट समेत जानकारी लिन सकिनेछ । साथै यस कार्यालयको सूचनापाटीमा समेत टाँस गरिएको छ ।

४. कुनै कारण जनाई वा नजनाई निवेदन स्वीकृत वा अस्वीकृत गर्ने अधिकार चन्द्रागिरि नगरपालिकामा सुरक्षित रहनेछ ।

५. यो सूचना उल्लेख भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ

६. अन्य थप जानकारीको लागि कार्यालय समयमा यस कार्यालयको आर्थिक विकाश शाखामा सम्पर्क राख्न सकिनेछ ।

नविन खांलिङ्ग

वरिष्ठ शाखा अधिकृत